# ५ आज्ञापालनः आत्मिक पुनर्जागरणको फल

*यस अध्यायका मूल पदहरू:* मत्ती २६:६९-७४, प्रेरित ५:२८-३२, प्रेरित ६:३-१०, प्रेरित ९:१-९, फिलिप्पी २:५-८।

*कण्ठ गर्नुपर्ने पद:* "जुन अस्त्रसस्त्र भिरेर म लड्छु ती हतियारहरू संसारले चलाउने जस्ता होइनन्। बरू मैले भिर्ने हतियार संसारको भन्दा ठीक उल्टो छ। मसँग भएको अस्त्रशस्त्रहरूमा परमेश्वरको शक्ति छ। त्यस शक्तिले शत्रुका शिविरहरू ध्वँस पार्दछन्। परमेश्वरको बारेमा आत्मज्ञानबाट पर राख्ने सबै खालका दावी र तर्कहरूलाई मेरा हतियारहरूले ध्वस्त पार्दछ। ख्रीष्टको निति निर्देशनहरू अनुसार चल्न ममा आउने वा भित्रिने सबै खालका सोच बिचारहरूलाई नियन्त्रणमा राख्दछु।" (२ कोरन्थी १०:४,५ रूपान्तरित)।

बेलायत देशको एउटा छिमेकी देश वेल्स हो। त्यहाँ सन् १९०४मा ठूलो आत्मिक जागरणको अभियान चलेको थियो। त्यो जागरणले मानिसहरूको दैनिक जीवनशैलीमा भारी परिवर्तन ल्याएको थियो। **पवित्र आत्मा खनिन इभान रोबर्टस् र उनका केहि साथीहरू कठोरसँग प्रार्थना गर्न सुरू गरे। अत्यन्त गम्भिर र लगनशील भएर तिनीहरूले बाइबल पढ्न थाले। तिनीहरूले अनुभव गरेका विश्वासलाई पनि अरूहरूलाई बाँड्न थाले।**

**तिनीहरूको त्यस प्रयत्नको जवाफमा पवित्र आत्मा खनिए। अस्वस्थ जीवनशैली अपनाइएका मानिसहरूका जीवनमा परिवर्तन भएको थियो। छ महिना भित्र वेल्स जस्तो सानो देशमा एक लाख मानिसहरूमा आत्मिक परिवर्तनको अनुभव भयो। तिनीहरूले आमरूपमै येशूलाई आफ्ना मुक्तिदाता र उद्धारकर्ता भनेर स्वीकार गरे र उहाँको निति अनुसार चल्न प्रतिवद्धता व्यक्त गरे। सारा देशभरी आत्मिक पुनर्जागरणको नतिजा मानिसहरूले देखे। दिनभरी हजारौं मानिसहरू चर्चहरूमा प्रार्थना गर्ने ओइरे। कोइलाखानीमा काम गर्ने झोक्की र खस्रो मजदूरहरू दयालु र शिष्ट भलादमी भएर बद्ले। कोइलाखानीमा भारी बोक्ने घोडाहरूले पनि नयाँ खालका निर्देशनहरू सुन्न थाल्नु परेको थियो, किनकि तिनीहरूले मजदूरहरूको छाडा बोल्ने, सराप्ने वा अऱ्हाउने**

वचनहरू सुन्न छोडेका थिए। जब केवल चोलामात्र होइन हृदयदेखि नै आत्म परिवर्तन भएको थियो तब परमेश्वरको नितिमा हिँड्न तिनीहरू जागेका थिए। आत्मिक पुनर्जागरणको ज्वलन्त उदाहरण हेर्ने हो भने वेल्समा भएको त्यस घटनालाई हेर्न सकिन्छ।

## १. येशूमाथि अगाढ आस्था राखेर परिवर्तित अर्थात् रूपान्तरित जीवन बिताउनु (मत्ती २६:६९-७४)

आत्मिक पुनर्जागरण भनेको आवेशमा आएर येशूको नजिक भएको अनुभव गर्नु होइन। विश्वासी समूहको बीचमामात्र केहि जोस पाएर साधु बनेर देखाउनु होइन तर त्यसले मानिसको जीवनशैलीमा पनि आमूल परिवर्तन ल्याउनुपर्दछ, अर्थात् उनी काँचुली फेरेको आभास पाउनु पर्दछ। बाइबलका लेखकहरू येशूसँग अत्यन्त नजिक भएको कतिले नव जीवन पाएको अनुभव गरेका थिए। अनि उहाँसँग नजिक भएकोले तिनीहरूको जोस अत्यन्त उचालिएको थियो। तर कतिपय अरू समयमा उहाँ तिनीहरूसँग नजिक भएको अनुभव गर्न सकिएको थिएन।

याद गर्नुहोस्, आत्मिक पुनर्जारण भयो भन्दैमा त्यसले हामीलाई सधैं सकारात्मक मनस्थितिमा ढालिराख्छ भन्ने छैन। हृदयदेखि नै तिनीहरूको जीवन परिवर्तन भएको आभास पाउनु पर्दछ। राम्रो वचन सुनेर मख्ख भएर “ल, ल, हामी सबैले येशूलाई विश्वास गरौं" भनेर आवेशमा आएर बप्तिस्मा लिने आचरणलाई आत्मिक पुनर्जागरण भन्न सकिन्दैन। तर आत्मिक पुनर्जागरणद्वारा परमेश्वरको आज्ञालाई शिरोपर गर्ने प्रतिवद्धताले मानिसहरू कतिको परिवर्तन भएक रहेछन् भनेर देखाउँदछन्। त्यसको ज्वलन्त उदाहरण पेन्टिकोस्टको समयमा चेलाहरूमा भएको भारी परिवर्तनले देखाउँदछ।

येशूलाई क्रुसमा टाँगिनु भन्दा अगाडि पत्रुस कस्तो स्वभाव भएको चेला थिए? येशूको पुनरुत्थान भएपछि पनि उनको स्वभाव कस्तो थियो? अनि पेन्टिकोस्टको समयमा पवित्र आत्मा खनिएपछि उनमा कस्तो परिवर्तन आयो? हेर्नुहोस् देहायका पदहरूः **मत्ती २६:६९-७५,** “६९ त्यस बेलासम्म पत्रुस बाहिर आँगनमा नै बसिरहेका थिए। एउटी नोकर्नी आएर तिनलाई भनी, “तिमी पनि त गालीलका येशूसँगै थियौ नि, होइन र?” ७० तर पत्रुसले सबैको अगाडि, “होइन, तिमीले गरेको यो कुरा मैले बुझिनँ!” ७१ भनेर आँगनको

ढोकातिर गए। ढोकानेर अर्की एउटी नोकर्नीले त्यहाँ भएका मानिसहरूलाई भनी, "यी मानिस पनि त नासरतका येशूसँगै थिए नि!" ७२ फेरि पत्रुसले शपथ हालेर भने, "म त त्यस मानिसलाई चिन्दै चिन्दिनँ!" ७३ केही बेरपछि त्यहाँका मानिसहरूले पत्रुसकहाँ आएर भने, "साँच्चै तिमी पनि ऊसँगै थियौ, तिम्रो बोलीले नै यो कुरा थाहा हुन्छ नि!" ७४ अनि फेरि पनि पत्रुसले शपथ हालेर भने, "मैले ढाँटेको हो भने परमेश्वरको दण्ड ममाथि नै परोस्, म त त्यस मानिसलाई चिन्दै चिन्दिनँ!" त्यसो भन्नेबित्तिकै भाले बासिहाल्यो ७५ र "भाले बास्नुभन्दा अघि मलाई तीनपल्टसम्म चिन्दै चिन्दिनँ भनेर इन्कार गर्नेछौ," भनी येशूले भन्नुभएको कुरा पत्रुसले सम्झे। उनी बाहिर गएर धुरुधुरु रोए।" **यूहन्ना २१:१५-१९,** "तिनीहरूले खाइसकेपछि येशूले सिमोन पत्रुसलाई भन्नुभयो, "ए यूहन्नाका छोरा सिमोन, के तिमी मलाई अरूले भन्दा बढी माया गर्छौ?" पत्रुसले भने, "ज्यू प्रभु, म तपाईंलाई प्रेम गर्छु भन्ने कुरा तपाईंलाई थाहा छ।" येशूले उनलाई भन्नुभयो, "त्यसो भए मेरा पाठाहरूलाई चराऊ।" १६ अनि येशूले पत्रुसलाई दोस्रोपल्ट सोध्नुभयो, "ए यूहन्नाका छोरा सिमोन, के तिमी मलाई साँच्चै माया गर्छौ?" पत्रुसले भने, "ज्यू प्रभु, म तपाईंलाई प्रेम गर्छु भन्ने कुरा तपाईंलाई थाहा छ।" येशूले भन्नुभयो, "त्यसो भए मेरा भेडाहरूको हेरचाह गर।" १७ अनि येशूले पत्रुसलाई तेस्रोपल्ट सोध्नुभयो, "ए यूहन्नाका छोरा सिमोन, के तिमी मलाई माया गर्छौ?" येशूले उनलाई तीनपल्टसम्म 'के तिमी मलाई माया गर्छौ' भनेर सोध्नुभएकोले पत्रुस अति नै दुःखी भए। उनले भने, "प्रभु, तपाईं सबै कुरा जान्नुहुन्छ, म तपाईंलाई प्रेम गर्छु भन्ने कुरा पनि तपाईं आफैंलाई थाहा छ।" येशूले पत्रुसलाई भन्नुभयो, "त्यसो भए मेरा भेडाहरूको हेरचाह गर। १८ म तिमीलाई भन्छु, तिमी युवा हुँदा आफ्नो पटुका आफैं कस्थ्यौ र जहाँ मन लाग्यो, त्यहाँ जान्थ्यौ। तर बुढो भएपछि तिमीले आफ्ना हात पसार्नेछौ अनि अर्को एक जनाले तिम्रो पटुका कसिदिनेछ र तिमीलाई मन नलागेको ठाउँमा लैजानेछ।" १९ (यो कुरा येशूले भन्नुहुँदा पत्रुसले परमेश्वरको आदर र महिमा गर्न कसरी मर्नुपर्नेछ भन्दै हुनुहुन्थ्यो।) त्यसपछि येशूले पत्रुसलाई भन्नुभयो, "तिमी मेरो पछि लाग।" **प्रेरित ५:२८-३२,** "२७ तिनीहरूले (यहूदी धर्मगुरूहरू) प्रेरितहरूलाई महासभाको सामने उभ्याए। प्रधान पूजाहारीले

तिनीहरूलाई सोधे, २८ "हामीले तिमीहरूलाई येशूको नाउँमा फेरि कसैलाई केही नभन्नू भन्ने आज्ञा दिएका थियौं, हो कि होइन? ल हेर, तिमीहरूले त आफ्नो शिक्षा यरूशलेमभरि फिँजाएछौ। अझ तिमीहरूले त्यस येशूलाई मारेको दोष हामीलाई पो लगाउने निधो गर्दै रहेछौ!" २९ पत्रुस र अरू प्रेरितहरूले जवाफ दिए, "मानिसले भनेको होइन, तर परमेश्वरले भन्नुभएको हामीले मान्नुपर्छ। ३० तपाईंहरूले क्रूसमा किला ठोकी मार्नुभएको येशूलाई हाम्रा पिता-पुर्खाका परमेश्वरले फेरि बिउँताउनुभएको छ। ३१ इस्राएलीहरूले पश्चात्ताप गरी पापबाट क्षमा पाऊन् भनेर परमेश्वरले येशूलाई मुक्ति दिनुहुने राजा तुल्याएर आफ्नो दाहिनेपट्टिको आदरको ठाउँसम्म बसाउनुभयो। ३२ हामी यसको साक्षी छौं र परमेश्वरले आफ्ना आज्ञापालन गर्नेहरूलाई दिनुभएको पवित्र आत्माले पनि साक्षी दिँदै हुनुहुन्छ।"

**जब यहूदीहरूको चाड पेन्टिकोस्टको समयमा चेलाहरूमा पवित्र आत्मा खनिएको थियो त्यसले पत्रुसको जीवनमा भारी परिवर्तन ल्याएको थियो। कमजोर विश्वासी भएर नाम चलेका पत्रुस अब विश्वासले भरिपूर्ण र ख्रीष्टको आज्ञा पालन गर्ने प्रखर चेलामा रूपान्तरित भयो। पत्रुसले एकफेरा अहँकारी थिए, उनका वचनहरू रूखो थिए। उनले सापटी आश्वासनहरू दिएका थिए। तर जब पवित्र आत्मा तिनमा खनियो तब तिनीमा आस्थाले भरियो, विश्वासमा सुरो भयो र येशूको निम्ति साक्षी बक्न सक्षम् बन्न पुगे। परमेश्वरको नितिमा हिँड्न र आफ्नो आस्थालाई उहाँमा जसले समर्पण गर्दछ त्यसको जीवनमा पवित्र आत्माले कस्तो काम गर्दो रहेछ भन्ने ज्वलन्त वा प्रभावकारी नमूना पत्रुसमा भएको आमूल परिवर्तनले देखाउँदछ अर्थात् पवित्र आत्मा उनमाथि खनिएपछि उनको जीवनले काँचुली फेरेको थियो।**

## २. येशूको आज्ञामा चल्दा चुकाउनु पर्ने मूल्य (प्रेरित ६:३-१०)

**येशूप्रतिको आस्थामा अडिग भएर बस्दा कस्तो मूल्य चुकाउनु पर्ने रहेछ भन्ने उदाहरण स्टिफनको जीवनले दिँदछ। (हुन त अनगिन्ति उदाहरणहरूमा स्टिफनको उदाहरण केवल एक मात्र हो)।**

स्टिफनको बारेमा कसरी वर्णन गरिएको छ हेर्नुहोस्: **प्रेरित ६:३-१०,** "३ त्यसैले हे भाइ हो, तिमीहरूका बीचबाट पवित्र आत्मा र ज्ञानले भरिएका सात जना मानिसलाई छान। हामी यो खाने कुराको

जिम्मा तिनीहरूलाई दिनेछौं। ४ हामी आफैंचाहिँ पूरै समय प्रार्थना र प्रचारको काममा लाग्नेछौं।" ५ प्रेरितहरूको विचार सबैलाई मन पऱ्यो। त्यसैले तिनीहरूले विश्वास र पवित्र आत्माले भरपूर भएका स्तिफनसलाई चुने र साथसाथै फिलिप, प्रखरस, निकनोर, तीमोन, पर्मिनास अनि एन्टिओखिया सहरका यहूदी धर्म लिएका निकोलाउसलाई पनि चुने। ६ तिनीहरूले ती चुनिएका सात जनालाई प्रेरितहरूको सामने लगे र प्रेरितहरूले प्रार्थना गरेर आफ्ना हात तिनीहरूमाथि राखे। ७ यसरी परमेश्वरको शिक्षा फैलिंदै गयो। प्रभु येशूका चेलाहरूको सङ्ख्या यरूशलेममा झन्-झन् बढ्दै गयो र धेरै पूजाहारीहरूले पनि प्रभु येशूमा विश्वास गरे। ८ स्तिफनसले चाहिँ प्रभुबाट धेरै आशिष् र शक्ति पाएका थिए। उनले मानिसहरूका बीचमा अचम्म-अचम्मका कामहरू गर्दै चिन्हहरू देखाउँथे। ९ तर कति मानिसहरूले चाहिँ उनको विरोध गर्न थाले। तिनीहरू यहूदी सभाघरका "स्वतन्त्र भन्ने दलका मानिसहरू अनि अलेक्जेन्ड्रिया सहर र कुरेनी, किलिकिया र एशिया इलाकाबाट आएका यहूदीहरू थिए। तिनीहरू सबै मिलेर स्तिफनससँग तर्कवितर्क गर्न लागे। १० तर पवित्र आत्माले स्तिफनसलाई यस्तो बुद्धि दिनुभयो, तिनी बोल्दा अरूले तिनको सामना गर्नै सकेनन्।"

**पवित्र आत्माले भरपूर भएको कारणले येशूका चेलाहरू निश्वार्थी र धर्मपरायण जीवन व्यतित गर्न सकेका थिए। परमेश्वरमाथिको अगाध आस्थाले गर्दा तिनीहरू आज्ञाकारी हुनसके। त्यसबेला आत्मिक संग्राम भयाभवको थियो। तिनीहरूलाई अनेकौं यातना दिएर सखाप पार्न खोजेका थिए। तिनीहरूलाई पत्थरले हिर्काइयो, झ्यालखानामा राखियो, जिंउदै जलाइयो, जहाज डुवेर तिनीहरूको जीवन तहसनहस भयो। ती कठिन परिस्थितिहरूलाई येशूले नहटाएतापनि उहाँ तिनीहरूको साथमा हुनुहुन्थ्यो र ती आतङ्कित परिस्थितिहरूको सामना गर्न उहाँले तिनीहरूलाई सक्षम् बनाइरहनुभएको थियो। तिनीहरूको मुक्तिदाता र प्रभु तिनीहरूको साथमा भइरहेको हुनाले तिनीहरूको विश्वास जबर भइरहेको थियो। येशूमाथि निष्ठावान भइरहनुपर्दा तिनीहरूले ठूलो मूल्य चुकाउनु परेको थियो। प्रायजसो सबै चेलाहरू यातना पाएर शहिद भएका थिए।**

**प्रेरित ७ अध्यायमा स्टिफनसले अचम्मको प्रवचन दिएका थिए। ती धर्मको नाउँमा क्रुर बनेका यहूदी महासभाको सामु स्टिफनसले इस्राएलको इतिहास संक्षेसमा दोहोऱ्याएका थिए। अब्रहाम, इसहाक,**

याकूब, मोसा, दाउद र सोलोमनका अनुभवहरूलाई सम्झाइदिएका थिए। मानिसहरूको हृदयभित्र स्टिफन पस्न प्रयास गरेका थिए। परमेश्वरको विश्वसनीयता र इस्राएलीहरूको अविश्वसनीयताको बीचमा भएको अन्तरलाई स्टिफनले खुलासा गरेका थिए। इस्राएलका धार्मिक अगुवाहरूले परमेश्वरसँग भएको करारलाई भङ्ग गरे र पवित्र आत्माको आवाजलाई तिनीहरूले सुन्न अस्वीकार गरे भनेर श्रोताहरूको हृदयलाई खोतल्दै आफ्नो प्रवचनको अन्त्य गरेका थिए (प्रेरित ७:५१,५२)।

येशूको निम्ति गवाही दिएकोमा स्तिफनसलाई के भयो? येशूमाथि निष्ठावान र आस्थावान हुँदा कस्तो मूल्य चुकाउनु पर्दो रहेछ भनेर उनको अनुभवबाट हामीले के सिक्न सक्छौं? हेर्नुहोस्, प्रेरित ७:५४-६०, " स्तिफनसको कुरा सुनेर महासभामा बसेका मानिसहरू रिसले आगो भए र तिनीहरूले स्तिफनसलाई दाह्रा किट्न लागे। ५५ तर स्तिफनसले पवित्र आत्माबाट भरपूर भएर स्वर्गतिर हेरे। उनले परमेश्वरको शक्तिशाली महिमा देखे, येशू पनि उहाँको दाहिनेपट्टि हुनुहुन्थ्यो। त्यहाँ उनले परमेश्वर र उहाँको दाहिनेपट्टि येशूलाई ठूलो महिमामा बास गर्नुभएको देखे। ५६ उनले भने, "हेर, म स्वर्ग उघ्रिएको र मानव पुत्र येशूलाई परमेश्वरको दाहिनेपट्टि उभिरहनुभएको देख्दै छु।" ५७ त्यत्तिकैमा तिनीहरूले जोडले कराउँदै आ-आफ्ना कान थुने र सबै उनीमाथि जाइलागे। ५८ तिनीहरूले स्तिफनसलाई ढुङ्गाले हानेर मार्न सहरदेखि घिर्स्याउँदै बाहिर निकाले। साक्षीहरूले आ-आफ्नो कोट फुकालेर शाऊल भन्ने ठिटाको जिम्मा लगाई स्तिफनसलाई ढुङ्गाले हिर्काउन लागे। ५९ तिनीहरूले ढुङ्गाले हिर्काइरहँदा स्तिफनसले प्रभुलाई पुकार्दै भने, "हे प्रभु येशू, मेरो आत्मालाई लिनुहोस्।" ६० त्यसपछि उनले घुँडा टेकेर ठूलो सोर निकालेर भने, "हे प्रभु, यो पाप यिनीहरूलाई नलागोस्!" यति भनेर उनले आफ्नो प्राण त्यागे।"

परमेश्वरको बोलाहटलाई स्टिफनसले सहस्र स्वीकार गरेका थिए। परमेश्वरले दिनुभएको काममा उनी बफादार भएर पूरा गरेका थिए। मृत्युसम्म उनी परमेश्वरको विश्वासमा अडिग भएर बसे। हुनसक्छ, हामी सबैलाई हाम्रा विश्वासको कारणले त्यस्तो मृत्युको सामना गर्नु नपर्ला। तर हामी पनि स्टिफनस जस्तो परमेश्वरमाथिको विश्वासमा अडिग भएर बस्न राजी हुन सकौं भनेर प्रार्थना गर्नु अनिवार्य छ। (इसाई इतिहासमा अहिले सम्म चार करोड भन्दा वेसी येशूभक्तहरू

शहिद भएको मानिएको छ)। यी वचन पढिरहने पाठकहरू मध्ये कोहीकोहीले प्रभुको निम्ति कुनै दिनमा आफ्नो ज्यान फाल्नुपर्ने स्थिति हुन्छ भन्ने सम्भावनालाई अस्वीकार गर्न सकिन्दैन।

तपाईंको प्रभावकारी गवाहीले गर्दा तपाईं मृत्युलाई अङ्गाल्नु पर्ने परिस्थिति खडा भयो भने तपाईं के गर्नुहुन्छ? तपाईंले त्यस परिस्थितिमा के गर्नु हुन्छ सो अहिले भन्न नसक्ला। तर, येशूको निम्ति एक दिन मर्न तयार हुनेछु भनेर तपाईंको विगत क्रियाकलापले कसरी देखाउन सक्दछ?

## ३. जब पवित्र आत्माले अचम्मित पार्दछ (प्रेरित ९:१-९)

इसाईहरूको विरुद्धमा आक्रामक हुनु यहूदी धर्मका धर्मगुरू सावलको गल्ती थियो। येशूमार्ग झुठा धर्म हो, त्यसलाई सखाप पार्नु परमेश्वरको चाहना हो भन्ने निति सावलको थियो। इसाईहरूलाई जतातते उनले यातना दिएका थिए। येशूको नाउँको नामनिशानै नराख्ने उनको प्रण थियो। अतिवादी भएर धर्मको नाउँमा येशूभक्तहरूलाई कष्ट दिंदा र मार्दा परमेश्वरको इच्छा आफूले पालन गरिरहेको छु भन्ने उनको विश्वास थियो। यरुशलेममा इसाईहरूलाई यातना दिन नपुगेर उनी वाहिर देश आधुनिक सिरियाको राजधानी डमस्कसमा गएर इसाईहरूलाई पक्रेर यरुशलेममा ल्याउने र तिनीहरूलाई त्यहाँ मुद्दा चलाएर यातना दिने दाऊ सावलले गरेको थियो। आफ्ना दलबलहरूकोसाथ एक दिन उनी त्यही अभिप्राय लिएर डमस्कसमा यात्रा गरिरहेका थिए। तर बाटोमा येशूले उनलाई चकित पार्नुभयो। डमस्कसको बाटोमा सावलले जुन अनुभव गरे त्यसले उनको जीवनमामात्र आमूल परिवर्तन ल्याएन उनले गरेर संसारको इतिहास नै बदलाइदियो।

सावलको आत्मिक परिवर्तनको घट्ना प्रेरित ९:१-९मा लेखिएको पढौं। प्रभुले उनलाई उनका भक्ति आनानियासकहाँ सावललाई किन पठाउनुभयो? त्यसबाट हामीले के अति उल्लेखनीय पाठ सिक्नसक्छौं? हेरौं: "त्यति बेलासम्म पनि शाऊल प्रभु येशूका चेलाहरूलाई मार्ने धम्की दिंदै हिंडिरहेका थिए। तिनले प्रधान पूजाहारीकहाँ गएर २ "दमस्कसको सभाघरका शासकहरूलाई मेरो परिचय दिंदै पत्र लेखिदिनुहोस्," भनेर अनुरोध गरे। "दमस्कस गएर त्यो

मुक्ति पाइन्छ भन्ने बाटोमा लागेका पुरुष र स्त्रीसमेत सबैलाई खोजी-खोजी पक्रेर यरूशलेममा ल्याउन पाऊँ," भनी तिनले अधिकार मागे।

३ शाऊल दमस्कस सहर जाँदै थिए। जाँदाजाँदै सहरको नजिकै पुग्दा एक्कासि आकाशबाट चहकिलो उज्यालो उनको वरिपरि चम्क्यो। ४ शाऊल भूइँमा पछारिए र अचानक उनले यस्तो आवाज सुने, "शाऊल, ए शाऊल, तिमी मलाई किन सताउँछौ?" ५ शाऊलले सोधे, "हे प्रभु, तपाईं को हुनुहुन्छ?" ×× "म येशू हुँ, जसलाई तिमी सताउँदै छौ। ६ तर अब उठेर सहरमा जाऊ, तिमीले गर्नुपर्ने काम त्यहाँ तिमीलाई बताइनेछ।" ७ शाऊलसँगै जाने मानिसहरू लाटाजस्तै अक्क न बक्क भई उभिरहेका थिए। तिनीहरूले त्यो आवाज त सुने, तर कसैलाई देखेनन्। ८ शाऊल भूइँबाट उठे। तर हेर्न खोज्दा त केही पनि देख्न सकेनन्। त्यसो हुँदा तिनका साथीहरूले तिनलाई डोऱ्याएर दमस्कसमा ल्याए। ९ त्यहाँ तिनले तीन दिनसम्म आँखा पनि देखेनन्, खाना पनि खाएनन् र पिउन पनि पिएनन्।"

**"कतिपय इसाईहरूले व्यक्तिगत रूपमा आत्मिक अनुभव गरेका हुन्छन्। तिनीहरूमा कतिपयले येशूप्रति बाहेक आफू कसैसँग जवाफदेही छैन भनेर ढुक्क भएको पाइन्छ। यस संसारमा येशूका विश्वासीहरूबाट आफू स्वतन्त्र छु भनेर पनि तिनीहरूले सोच्दछन्। प्रभु येशू पापीहरूका मित्र हुनुहुन्छ। तिनीहरू दुःख पाउँदा उहाँको चित्त दुख्दछ। हो, उहाँले स्वर्ग र पृथ्वीमा जे गर्न चाहनुहुन्छ सो गर्न सक्नुहुन्छ। तर चर्चले पाएको मुक्तिको बाटो देखाउने र प्रचार गर्ने अधिकारलाई उहाँले सम्मान गर्नुहुन्छ। मानिसहरू सामु सुसमाचार फैलाउने चर्चको प्रक्रियालाई पनि आदरै गर्नुहुन्छ। पापीहरूलाई येशूले चर्चतिर डोऱ्याउनुहुन्छ। चर्च संसारको निम्ति उहाँको ज्योति हो।**

**" धर्मको नाउँमा सुरूका इसाईहरूलाई हमला गर्नु सावलको अन्धोपनाको नतिजा थियो। त्यो उनको भुल थियो। तर जब उनी ख्रीष्टको दर्शन पाएर आत्म परिवर्तन भए तब उनलाई परमेश्वरले चर्चमा जान निर्देशन दिनुभयो। चर्च संसारको ज्योति हो।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. १२२बाट रूपान्तरित।**

सावलमात्र होइन येशूको भक्त आननियासलाई पनि येशूले छक्क पार्नु भएको थियो। सावल आएर आफूलाई पनि यातना देला भनेर डरले बसिरहेका आननियासलाई जब येशूले बोल्नु भयो उनले कस्तो

मनस्थितिलाई सम्हाले जसले गर्दा उहाँको आज्ञा पालन गर्न राजी भए? हेर्नुहोस्, प्रेरित ९:१०-१९, "अब दमस्कसमा हननिया भन्ने प्रभु येशूका एक जना चेला थिए। तिनलाई एउटा दर्शन दिइयो, दर्शनमा प्रभुले यसरी बोलाउनुभयो, "हे हननिया!" "आज्ञा होस् प्रभु!" हननियाले भने। ११ प्रभुले भन्नुभयो, "उठेर सीधा भन्ने गल्लीमा जा र त्यहाँ यहूदाको घरमा टार्सस सहरबाट आएको शाऊल भन्ने मानिसको खोजी गर्। त्यहाँ उसले प्रार्थना गरिरहेको छ। १२ उसले दर्शनमा आफ्नो आँखा खोलियोस् भनेर हननिया भन्ने मानिसले आफूमाथि हात राखिरहेको देखेको छ।" १३ हननियाले जवाफ दिए, "हे प्रभु, ती मानिसले यरूशलेममा भएका तपाईंका पवित्र जनहरूलाई ज्यादै सताएको कुरा मैले धेरै जनाबाट सुनेको छु। १४ तपाईंको नाउँ लिनेहरूलाई पक्रने अधिकार मुख्य पूजाहारीहरूबाट पाएर तिनी यहाँ आएका छन्। १५ प्रभुले भन्नुभयो, "तिमी जानुपर्छ किनभने अरू जातिका मानिस र तिनीहरूका राजाहरू र इस्राएलीहरूका बीचमा मेरो नाउँ प्रचार गर्न मैले त्यसलाई नै चुनेको छु। १६ त्यसले मेरो लागि कतिको दुःख सहनुपर्नेछ, त्यो म त्यसलाई देखाउनेछु।" १७ प्रभुले भन्नुभएको सुनेर हननिया गए। यहूदाको घरमा पसेर शाऊलमाथि आफ्ना हात राख्तै भने, "हे शाऊल भाइ, तिमीले यहाँ आउँदा बाटोमा देखेका प्रभु येशूले नै मलाई पठाउनुभएको हो। तिमीले फेरि देख्न सक र पवित्र आत्माले भरपूर होऊ भनेर उहाँले मलाई पठाउनुभएको हो।" १८ हननियाले यो कुरा भन्नेबित्तिकै शाऊलका आँखाबाट केही खसेजस्तै भयो र तिनले देख्न सक्ने भए अनि तिनले उठेर बप्तिस्मा लिए १९ र खाना खाएपछि तिनमा फेरि तागत आयो। केही दिनसम्म शाऊल दमस्कसमा प्रभु येशूका चेलाहरूसँगै बसे।"

जब सावलको आत्मिक परिवर्तन भयो तब उनको नाउँ पावल भएको थियो। येशूसँग जम्का भेट भएपछि पावलको स्थिति कस्तो थियो त्यसमा तपाईंले आफूलाई पार्नुहोस्। येशूको आवाजले तिनलाई कस्तो झट्का भयो होला ! फेरि तपाईं आननियासको ठाउँमा आफूलाई राख्नुहोस्। त्यसमा पनि येशूको वचनले उनलाई कस्तो झट्का भयो होला, सोच्नुहोस्। हामीले नबुझेतापनि असहज परिस्थितिको सामना गर्न परमेश्वरले हामीलाई खटाउन सक्छ भन्ने कुरोलाई पावल र आननियासको कथाले हामीलाई कसरी सिकाउँदछ? हामीले जे

सोचेतापनि हामीले प्रभुको आज्ञा पालन गर्नुपर्छ भन्ने निति किन महत्त्वपूर्ण मान्नुपर्दछ?

## ४. पवित्र आत्माको आवाजप्रति संवेदनशील हुनु (प्रेरित २६:१८)

**येशूको कट्टर विरोधी पावल जब आत्मपरिवर्तन भए तब उनी येशूकै काममा लाग्न कम्मर कसेका थिए। उनको निर्णयलाई सम्मान गर्दै पवित्र आत्माले उनलाई सिकाएका थिए, अगुवाई गरेका थिए र साथै जोससँग प्रचार गर्न उनलाई सक्षम् पनि बनाइदिएका थिए। तिनले अनेकौं सतावट खप्नु परेको थियो। त्यहि क्रममा उनमाथी अनेकौं मुद्दा पनि चलाएका थिए। एक दिन रोमी साम्राज्यले नियुक्त गरेका यहूदी राजा अग्रिपासको सामु प्रतिवाद गर्न उनलाई उभ्याइएको थियो। त्यसबेला उनले डमस्कसको बाटोमा भएको अनुभवलाई राजाको सामु अवगत गराए। तब उनको सेवाकार्यको उद्देष्य दुवै यहूदी र गैर यहूदीहरूकहाँ पुग्नु हो भन्दै येशूको वचनलाई उदृध गर्दै उनले भने, "' तिनीहरूको आँखा खोल्न मैले तिमीलाई पठाएको छु। अन्धकारमा बसेकाहरूलाई उज्यालोमा तिमीले फर्काओस् भन्ने म चाहन्छु। सैतानको शक्तिबाट फुत्काएर तिनीहरूलाई परमेश्वरको शक्तिमा तिमीले राखेको म चाहन्छु। तिनीहरूका पापहरू क्षमा भएको म चाहन्छु। जब तिनीहरूले मलाई विश्वास गर्दछन् तब तिनीहरूलाई क्षमा दिइनेछ। परमेश्वरका जनहरूको बीचमा तिनीहरूले आफ्नो स्थान पाउनेछन्।'" (प्रेरित २६:१८ रूपान्तरित)।**

राजा अग्रिपासको सामु प्रेरित पावलले डमस्कसको बाटोमा आफूले पाएको दर्शनको बारेमा साक्षी दिएका थिए। त्यसमा पवित्र आत्माको अगुवाईमा त्यस दर्शनमा भएको आकासवाणीको आवाजलाई कसरी उनले जवाफ दिए भनेर उल्लेख गरिएको छ। पवित्र आत्माको आवाजलाई पावलले कसरी स्वीकार गरे र अग्रीपालेचाहिँ कसरी अश्वीकार गरे भन्ने वृतान्त प्रेरित २६:१९-३२मा यसरी वर्णन गरिएको छः " "हे राजा अग्रिपास, स्वर्गबाट देखेको यो दर्शनलाई मैले नटेरीकन बस्न सकिनँ। २० पहिले दमस्कस र यरूशलेममा अनि पूरै यहूदिया देशमा र अरू जातिको देशहरूमा पनि गएर मैले मानिसहरूलाई आ-आफ्ना पापलाई मानिलिएर परमेश्वरकहाँ फर्कनू भन्ने प्रचार गरें। परमेश्वरकहाँ फर्केको हुँ भन्ने प्रमाण आफूले गरेको कामबाट

देखाउनुपर्छ भन्दै सिकाएँ। २१ यसैले गर्दा यहूदीहरूले मलाई
मन्दिरमा पक्रेर मार्न खोजे। २२ तर आजको दिनसम्म मैले
परमेश्वरबाट नै सहायता पाइरहेको छु। त्यसैकारण म यहाँ हुनेहरू
ठूला-साना सबैलाई गवाही दिँदै उभिएको छु। अगमवक्ताहरू र मोशाले
समेत पछि हुन आउनेछन् भनेका कुराहरूबाहेक मैले अरू बढी कुरा
केही पनि भनेको छैनँ। २३ मुक्ति दिनुहुने राजा ख्रीष्टले दुःख भोगेर
मर्नुपर्नेछ, उहाँ मरेकोबाट बिउँतनेहरूमा सबैभन्दा पहिला हुनुहुनेछ र
उहाँले आफ्नो उज्यालो यहूदीहरूमा पनि र अरू जातिका मानिसहरूमा
पनि फैलाउनुहुनेछ, यी कुरा त अगमवक्ताहरूले भनिसकेका थिए।" २४
पावलले भनेको यी कुरा सुनेर फेस्तसले कराएर भने, "पावल तिमी
बौलाएछौ, तिम्रो ज्ञानले तिमीलाई बौलाहा बनायो।" २५ पावलले भने,
"माननीय फेस्तस, म बौलाएको होइनँ, म सद्धे छु र सत्य कुराहरू गर्दै
छु। २६ राजा अग्रिपासलाई यी सबै कुरा थाहा छ, उहाँलाई म यी
कुराहरू साहससँग भन्न सक्छु। उहाँले अवश्य यी कुराहरूमा राम्ररी
ध्यान दिनुभएको छ किनभने यी कुराहरू एक कुनामा घटेका होइनन्।
२७ हे राजा अग्रिपास, के हजुरले अगमवक्ताहरूमाथि विश्वास गर्नुहुन्छ?
हो, हजुरले विश्वास गर्नुहुन्छ भन्ने कुरा मलाई थाहा छ।" २८
त्यत्तिकैमा अग्रिपासले पावललाई भने, "यति थोरै कुरोले के तिमी मलाई
ख्रीष्टियान बनाउने कोसिस गर्छौ? २९ पावलले भने, "थोरै कुराले होस्
या धेरैले– यी मेरा हातमा लगाइएका साङ्लाहरू बाहेक– हजुर मात्रै
होइन, तर हजुरहरू सबै मजस्तै भइदिए हुन्थ्यो। यही म परमेश्वरसँग
प्रार्थना गर्छु।" ३० त्यतिखेर राजा अग्रिपास, बडा-हाकिम फेस्तस,
बरनिकी र तिनीहरूसँग आएका सबै मानिसहरूसमेत जऱ्याक-जुरुक उठे
३१ र बाहिर जाँदा आपसमा यसो भनेर कुरा गरे, "यस मानिसले
थुनिनुपर्ने वा ज्यानसजाय पाउनुपर्ने कुनै काम गरेको त रहेनछ।" ३२
अग्रिपासले फेस्तसलाई भने, "यस मानिसले रोमी महाराजाकहाँ बिन्ती
चढाउन नमागेको भए त छोडिदिए पनि हुन्थ्यो नि!"

**पावलले त पवित्र आत्माको आवाजलाई सहस्र स्वीकार गरे तर त्यही आवाजलाई पावलले जस्तै राजा अग्रिपासले सुन्न चाहनेनन्। परमेश्वरमा आफ्नो जीन्दगी समर्पण गर्न इन्कार गरे। राजाको स्वार्थी आकाँक्षा, अहँकारिता र आफ्नो भाऊ खोज्ने नितिसँग ख्रीष्टमा नयाँ जीवन बिताउन पवित्र आत्माको निमन्त्रणासँग सहमत भएको थिएन।**

**येशूले स्पष्ट रूपमा भन्नुभएको छः** ", "उज्यालोचाहिँ (येशूको प्रतक्ष्य उपस्थिति) अझै केही बेरसम्म तिमीहरूको बीचमा रहनेछ। उज्यालो तिमीहरूसँग रहुञ्जेल आफ्नो बाटोमा हिँड नत्र अन्धकारले तिमीहरूलाई ढाक्नेछ। अँध्यारोमा हिँड्नेले आफू कता जाँदै छु भनी थाहा पाउँदैन। तिमीहरूसँग उज्यालो रहँदा नै त्यसमा तिमीहरूले विश्वास गर र तिमीहरू ज्योतिका सन्तान हुनेछौ।" (यूहन्ना १२:३५-३६)

**यदि हामी पवित्र आत्माको अगुवाईमा चल्न निधो गऱ्यौं र परमेश्वरको सत्यको ज्योतिको शिरोपर गर्न राजी भयौं भने उहाँले निरन्तररूपमा अझ बढि ज्योति र सत्यलाई देखाउँदै जानुहुनेछ। फेरि त्यसै वखत पवित्र आत्माको आवाज तथा अगुवाईलाई अस्वीकार गर्दै हामी गयौं भने हामीहरूको हृदय कठोरतामा ढल्किन्दै जानेछ।**

"'हत्तेरिका, तिमीले त मलाई झन्दै इसाई बनाउन खोज्यौ'" (प्रेरित २६:२८ रूपान्तरित)। बाइबलमा दिएका सबै वचनहरूमा राजा अग्रिपासले व्यक्त गरेका ती वचन अत्यन्त प्रभावकारी र विस्मयपूर्ण मानिएको छ। हामी पनि त्यहि खतरापूर्ण भावनाको फन्दामा नपर्न के गर्नुपर्दछ? उदाहरणमा, सबैलाई खुशी पार्ने निहुँमा र आफ्नो भाऊलाई बढाइ राख्ने वहनासँग सम्झौता गर्दा राजा अग्रिपाले जानाजानी पवित्र आत्माको आवाजलाई कुण्ठ्याई दिए। के हामी पनि त्यस राजाको नितिमा चल्न सम्झौता गर्दै इसाई हुँ भनेर त हिँडेका छैनौं?

## ५. पवित्र आत्माको अगुवाईमा आज्ञाकारी हुन आत्मासात् गर्ने निति (फिलिप्पी २:५-८)

**येशूको जीवनको प्रत्येक पाइला पाइलामा पवित्र आत्माले महत्त्वपूर्ण भूमिका खेल्नुभएको थियो। यस संसारमा बालकको रूप धारण गर्न सुरूदेखि नै पवित्र आत्माले ठूलो भूमिका खेलेका थिए (मत्ती १:२०) र पवित्र आत्माले नै उनलाई शक्ति र अधिकार सम्पन्न गराइ अभिषेक गर्नुभएको थियो (मत्ती ३:१६,१७ र प्रेरित १०:३४-३८)। यस संसारमा मानव चोला धारण गरिरहेको बेलामा खीष्टले परमप्रभु परमेश्वर पिताको इच्छालाई शिरोपर गर्दै हिँड्नुभएको थियो (यूहन्ना ८:२९ र हिब्रू १०:७)।**

पावलले येशूको विशेष स्वभावलाई फिलिप्पी २:५-८मा वर्णन गरेका छन् भने १ पददेखि ४ पदसम्म उहाँको स्वभावलाई हामीमा ढाल्न उनले ललकारेका छन्। येशूको जीवनको कुन भाग पवित्र आत्माले भरिएको थियो भनेर देखाइएको हेरौंः "१ के ख्रीष्टमा भएको तिमीहरूको जीवनले तिमीहरूलाई हौसला दिएको छ ? उहाँको प्रेमले के तिमीहरूलाई सान्त्वना दिएको छ? तिमीहरूले पवित्र आत्माको संगति गर्छौ के तिमीहरू एक-अर्कालाई दया र माया गर्छौ?२ त्यसो हो भने मलाई खुसी पार्न तिमीहरू एउटै विचार भएका, एउटै प्रेममा रहेका र एउटै चित्त भएका होओ भनी म तिमीहरूलाई बिन्ती गर्छु। ३ आफ्नै मात्र भलाइ खोजेर तिमीहरू केही नगर। तिमीहरूले फोस्रो घमण्डको निम्ति पनि केही नगर। एक-अर्काप्रति नम्र बन र अरूहरू आफूभन्दा राम्रा छन् भनी सम्झ। ४ आफ्नै मात्र होइन, अरूको पनि विचार गर। ५ तिमीहरूको व्यवहार येशू ख्रीष्टको जस्तै होस्। ६ उहाँ सधैं परमेश्वरकै समान हुनुहुन्थ्यो। तर उहाँले बलजफती परमेश्वरसमान हुने विचारै पनि गर्नुभएन। ७ उहाँले आफ्नै इच्छाले यी सबै त्याग्नुभयो अनि कमारोको रूप लिनुभयो। उहाँ हामीहरूजस्तै मानिस भएर जन्मनुभयो। ८ उहाँले नम्र भएर मृत्युसम्म, क्रूसकै मृत्युसम्म आज्ञा मान्नुभयो। ९ त्यसो हुँदा परमेश्वरले उहाँलाई सबैभन्दा माथि उठाउनुभयो र सर्वोच्च नाउँ दिनुभयो। १० यसरी स्वर्ग, पृथ्वी र पृथ्वीमुनि भएका सबैले येशूको नाउँको आदर गर्न घुँडा टेक्नेछन्। ११ येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ भनेर सबैले खुल्लमखुल्ला परमेश्वरको सम्मान्को निम्ति घोषणा गर्नेछन्।"

**प्रभु येशू ख्रीष्ट कुनै तपस्या गरेर कुनै धर्मगुरूसँग विद्या लिएर जगत गुरू स्वामी महाराज भनेर नाउँ कमाउनु भएको होइन तर उहाँ परमेश्वर नै हुनुहुन्थ्यो र हाम्रो निम्ति आफूलाई रित्याउनुभएको थियो (फिलिप्पी २:७ रूपान्तरित)। परमेश्वरको समान भएको अधिकार र सम्मानलाई उहाँले रित्त पार्नुभएको थियो भनेर युनानी वा ग्रीक भाषाको नयाँ करारमा उल्लेख गरेको छ। बरू उहाँ हाम्रो लागि मालिक होइन सेवक हुनुभएको थियो।**

**उहाँ केको लागि सेवक हुनुभयो त? परमपिता सनातनको इच्छा पालन गर्न येशू सेवक हुनुभएको थियो। उहाँले "आफूलाई यति होचो बनाउनुभयो कि क्रुसको मृत्युलाई नखपुँञ्जेल उहाँ आज्ञाकारी हुनुभयो"**

(फिलिप्पी २:८ रूपान्तरित)। पवित्र आत्माले भरिएको जीवन कस्तो हुन्छ भन्ने ज्वलन्त उहाहरण हामीलाई येशूले दिनुभएको छ। त्यो जीवन हो परमेश्वरको आज्ञालाई शिरोपर गरेर चल्ने परमेश्वर पिताको इच्छामा आफूलाई नम्रतासाथ सुम्पिने। मानव कल्याण र सेवाको निम्ति तथा परमेश्वरको सेवा गर्न प्रार्थनामय जीवन बिताउन समर्पित हुनु नै पवित्र आत्माको अगुवाईमा बस्नु हो। आफ्नो मात्र मुक्तिको चाहनामा तल्लिन नभएर अरू पनि परमेश्वर पिताको राज्यमा पस्न सकुन् भन्ने इच्छालाई आत्मसात् गर्ने जीवनले पवित्र आत्मा भरिएको जीवन देखाउँछ।

"हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरले मलाई अनुग्रह देखाएर आफ्नो विशेष दूत बनाउनुभयो। सबै जातिका मानिसहरूले विश्वास गरेर उहाँले भनेका कुरा मानून् भनी म उहाँका नाउँमा खटाइएको हुँ। ६ तिमीहरू पनि येशू ख्रीष्टका हुन बोलाइएका छौ।" भनेर पवित्र आत्माले भरिएको जीवन कस्तो हुन्छ भनेर पावलले रोमी १:५,६मा घोषणा गर्दछन्। येशूलाई विश्वास नगर्नेहरू केवल आफू आफूलाई मात्र हेर्दछन्। तिनीहरूले सत्यलाई ग्रहण गर्न चाहन्नन्। तिनीहरू नराम्रो र खराबबाटोमा हिँड्न उत्सुक हुन्छन्। तिनीहरूको दुष्ट चर्तिकलाले गर्दा परमेश्वर तिनीहरूदेखि आगो हुनुभएको छ र तिनीहरूले त्यसको स्वाद पाउनेछन्। (रोमी २:८ रूपान्तरित)

"पापका दासहरू" र "परमेश्वरको आज्ञा पालन गर्ने सेवकहरू" भनेर पावलले दुई थरिका मानिसहरूको वाख्या रोमी ६:१५-२३मा यसरी व्यक्त गर्दछन्: " के अनुग्रहको अधीनमा छौं भन्दैमा हामी पाप गरौं त? यो कहिल्यै पनि हुँदैन। जसको कुरा मानेर चाकरी गर्न रुचाउँछौ, उसैको तिमीहरू कमारा हुन्छौ। पापको कमारो भएर त्यसैको आज्ञा मान्छौ भने तिमी मर्नेछौ, तर परमेश्वरको आज्ञापालन गर्छौ भने तिमी उहाँकै सामु ठीक ठहरिन्छौ। तिमीहरू पहिले पापका कमारा थियौ तर अहिले तिमीहरू हृदयदेखि नै आफ्ना परमेश्वरले सिकाउनुभएको शिक्षा पालन गर्छौ। यसको निम्ति परमेश्वरलाई धन्यवाद होस्। तिमीहरू पापको कैदबाट छुटेर परमेश्वरको असल काम गर्ने कमारा भएका छौ। तिमीहरूको शारीरिक स्वभावको कमजोरीले गर्दा म मानिसहरूले बुझ्ने गरी मालिक र कमाराको नमुना लिएर भन्दै छु। एक पल्ट खराब इच्छा लिएर ठूलो पाप र दुष्ट काम गर्न तिमीहरूले आफ्नो जीवन कमाराले झैं सुम्पियौ। अब पवित्र हुन

तिमीहरूको जीवन परमेश्‍वरको लागि असल काम गर्ने कमाराले झैं सुम्पिदेओ। तिमीहरू पापको कमारा हुँदा तिमी परमेश्‍वरको अगाडि ठीक हुने कामको वास्ता गर्दैनथ्यौ। त्यस बेला गरेका कामबाट जसमा तिमीहरू अहिले लाज मान्छौ, तिमीहरूले के पायौ? ती सबै घिनलाग्दा कुराको फलचाहिँ मृत्यु हो। अब तिमीहरू पापको कैदबाट छुटेका छौ र परमेश्‍वरका कमारा बनाइएका छौ। यसको फलचाहिँ पवित्रता हो। यसले तिमीलाई अजम्मरी जीवनमा पुऱ्याउँछ। पापले आफ्नो कमारालाई दिने ज्यालाचाहिँ मृत्यु हो, तर हाम्रा प्रभु येशू ख्रीष्टमा अजम्मरी जीवन जिउनुचाहिँ सित्तैमा दिइने परमेश्‍वरको दान हो।"

त्यसरी नै पावलले "आत्माको बन्धक वा दास" र "आत्माले हामीलाई धर्मपुत्र बनाएको" भनेर रोमी ८:१२-१७मा यसरी भन्दछन्, "१२ यसैकारण दाजुभाइहरू, हाम्रो शारीरिक स्वभावले इच्छा गरेझैं गर्न हामीलाई कर लाग्दैन १३ किनभने तिमीहरूले आफ्नो शारीरिक स्वभावले इच्छा गरेझैं गर्दछौ भने तिमीहरू मर्नुपर्नेछ। तर यदि पवित्र आत्माको शक्तिले शारीरिक चालचलनलाई नाश गर्छौ भने तिमीहरू बाँच्नेछौ। १४ परमेश्‍वरको आत्माले देखाएको बाटोमा चल्नेहरू परमेश्‍वरकै छोरा-छोरी हुन् १५ किनभने हामीलाई कमारो बनाएर फेरि डरमा राख्ने आत्मा होइन तर हामीलाई परमेश्‍वरका धर्मपुत्र बनाउने पवित्र आत्मा पाएर हामी परमेश्‍वरलाई बुबा भनेर बोलाउँछौं। १६ पवित्र आत्माले हामीहरू परमेश्‍वरका छोरा-छोरी हौं भनी हाम्रो आत्मालाई गवाही दिनुहुन्छ। १७ हामी उहाँका छोरा-छोरी हौं भने हकवाला पनि हौं, परमेश्‍वरको हकवाला अनि ख्रीष्टसँग साझे हकवाला। हामी ख्रीष्टसँग दुःखकष्टमा साझे भयौं भने उहाँसँगै उहाँकै सुख-सम्मान्मा पनि साझेदार हुनेछौं।"

तपाईं आफ्नै जीवनमा पापसँग संघर्ष गरिरहनुभएको होला, तर तपाईं परमेश्वरलाई ग्रहण गरेर हिँड्दा तपाईंको जीवन कस्तो हुनेरहेछ भनेर माथिका पदहरूले देखाउँदछन्। के पावलका ती वचनहरू तपाईंको निम्ति अर्थपूर्ण छन् त?

## उपसंहारः

<u>थप जानकारी:</u> **"अजम्मरी जीवनको बाटोमा लगाउने ढोकामा परमेश्वरले उहाँमाथिको विश्वास वा आस्थालाई तेर्स्याउनुभएको छ। यदि त्यस**

आस्थालाई बोकेर कोही हिँड्छ भने बाटोभरि नै ज्योति, शान्ती र आनन्दलाई परमेश्वरले विछ्याइ दिएको हुन्छ। तर केवल स्वइच्छाले आत्मनिर्णय गरि उहाँलाई ग्रहण गर्नेले मात्र त्यसको उपभोग गर्न सक्दछ। त्यस्तो यात्रुले जहिले पनि आफ्नो उच्च कर्तव्य वा धर्मको केन्द्रविन्दु वा लक्ष्य ख्रीष्टलाई नै राखेको हुन्छ। त्यसको पुरस्कार उसले सधैं देख्न सक्दछ। परमेश्वरको नाउँमा यात्रा गर्नेहरूले पवित्र आत्माद्वारा पाउने धर्मपरायणता वा पवित्र जीवन र आनन्द र शान्ति पाउन् भनेर उहाँले आदेश दिनुहुन्छ।"- एलेन जी ह्वाइट, द हेभेन्ली प्लेसेस, पृ. १८३बाट रूपान्तरित।

"पवित्र आत्मा दिइने प्रतिज्ञा कुनै खालका मानिस वा उमेर भएको व्यक्ति विशेषमा सिमित गरिएको छैन। संसारको अन्तसम्म होस् वा संसारको कुनै अन्तमा होस् वा जीवनै अन्तसम्म किन नहोस्, येशूलाई पछ्याउनेहरूको साथमा पवित्र आत्माको प्रभाव रहिरहनेछ भनेर उहाँले वचन दिनुभएको थियो। पेन्टिकोस्टको दिनदेखि वर्तमान समयसम्म शान्तिदिने पवित्र आत्मा ती सबैमा पठाइएको थियो जसले आफ्नो जीवन पूर्ण रूपमा प्रभुलाई सुम्पेका थिए र उहाँका सेवा गर्न कतिवद्ध भएका थिए। ती सबै मानिस जसले ख्रीष्टलाई व्यक्तिगत रूपमा मुक्तिदाता भनेर स्वीकार गर्दछन् तिनीहरूलाई पवित्र आत्मा दिइएका छन्। तिनीहरूको जीवनमा उहाँ तिनीहरूको सल्लाहकार हुनुभएको छ, उचित र शुद्ध जीवन बिताउन अगुवाई गर्नुभएको छ र अरूलाई गवाही दिन जोश भरिदिनुभएको छ। जति जति विश्वासीहरू परमेश्वरसँग निकट रहेर हिँड्दछ त्यतित्यति तिनीहरूले तिनीहरूको मुक्तिदाताको प्रेम र मुक्ति दिने उहाँको अनुग्रहलाई झन झन स्पष्ट र प्रभावकारी रूपमा देखाएका हुन्छन्। वर्षौंसम्म दुःखकष्ट र आक्रमणको शिकार बनेका अनगिन्तियौं येशूभक्तहरू थिए। यद्यपि, त्यस्तो परिस्थितिमा पनि तिनीहरूले तिनीहरूको जीवनमा पवित्र आत्माको महान् आशिष र आनन्दको उपभोग गरिनै रहेका थिए। सारा संसारलाई तिनीहरूले अचम्मित पारेका छन्। संसारको निम्ति तिनीहरू चिन्हको रूपमा खडा भएका छन्। ख्रीष्टको मुक्ति दिने प्रेमलाई तिनीहरूले सारा मानिस र स्वर्गदूतहरूको सामु देखाइदिएका छन्। ख्रीष्टको परिवर्तन गर्ने शक्तिलाई तिनीहरूकै जीवनबाट खुलाइ दिएका छन्।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. ४९बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. प्रेरित ५:१-११ पढ्नुहोस्। त्यसमा दिएका प्रभावकारी र मनलाई धक्कादिने कथाबाट हामी के सिक्नसक्दछौं? आननियास र सफिराले तिनीहरूकै नियतले गर्दा तिनीहरूले किन भयङ्कर सजायँ निम्त्याए?

आ. आफूले सुरू गर्नुभएको कामलाई सम्पन्न गर्न येशूले आफूलाई रित्याउनुभयो (फिलिप्पी २:७) भन्ने चर्चालाई सोच्नुहोस्। प्रभुसँग दिनदिनै हिँड्ने प्रक्रियामा त्यो नितिलाई हामीले पनि कसरी अङ्गाल्ने? यदि हाम्रो जीवनमा वा चर्चमै किन नहोस् आत्मिक पुनर्जागरण ल्याउन चाहन्छौं र परिवर्तित सुधारिएको जीवन अपनाउन चाहन्छौं भने आफ्नो स्वार्थको त्याग र अरूको निम्ति आफू मर्न पनि तयार हुने निति किन महत्त्वपूर्ण हुनुपर्दछ?

इ. "तिमीले झन्दै मलाई पनि इसाई बनाउन खोज्यौ" (प्रेरित २६:२८) राजा अग्रिपासको कहालीलाग्दो वचनको अर्थ के हो, आपसी विश्वासीहरूमा छलफल गर्नुहोस्।